# **चाँगुनारायण नगरपालिका होमस्टे (घरवास) संचालन कार्यविधि, २०७८**

यस नगरको ग्रामिण तथा सहरि क्षेत्रमा वसोवास गर्ने सर्वसाधारणहरुमा स्वरोजगारीका अवसर सिर्जना गरी ग्रामिण अर्थतन्त्रमा सुधार गर्दै समुदायको जीवनस्तर उकास्न तथा ग्रामिण दिगो पर्यटनको विकास प्रवर्धन र ब्यवस्थापन गर्नुको साथै पिछडिएका दलित जनजाती, महिला आदिवासीको प्रत्यक्ष सहभागीता हुनेगरी होमस्टेको माध्यमवाट ब्यवसाय सञ्चालन गरी आयस्तरमा सुधार ल्याउन बान्छनिय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) वमोजिम चाँगुनारायण नगर कार्यपालिकाले देहाय वमोजिमको चाँगुनारायण नगरपालिका होमस्टे (घरवास) होमस्टे कार्यविधि २०७८ बनाई पारित गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस कार्यविधिको नाम होमस्टे (घरवास) संचालन कार्यविधि २०७६ रहेकोछ ।

(२) यो कार्यविधि चाँगुनारायण नगरपालिका क्षेत्र भर लागु हुने छ ।

(३) यो कार्यविधि चाँगुनारायण नगर कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्य विधिमा

(क) "होमस्टे" (घरवास) भन्नाले पर्यटकलाई आफ्नै घर समुदायमा आवास, खाना तथा अन्य पर्यटकिय सेवा प्रदान गर्ने उद्देश्यले निजि वा सामुदायिक रुपमा संञ्चालन गरिएको घरवास सेवा सम्झनु पर्छ।

(ख) "सामुदायिक होमस्टे (घरवास)" भन्नाले ग्रामिण तथा सहरी क्षेत्रमा कम्तीमा पाँच वटा अलग–अलग स्वामित्व एका घरधनीले सामुहिक रुपमा ब्यवस्थापन गरि संञ्चालन गरिएको होमस्टे (घरवास) लाई सामुदायिक होमस्टे सम्झनु पर्नेछ ।

(ग) "निजी होमस्टे (घरवास)" भन्नाले ग्रामिण तथा सहरि क्षेत्रमा एकल रुपमा दर्ता गरी निजी स्तरमा संचालीत होमस्टेलाई निजी होमस्टे सम्झनु पर्छ ।

(घ) "नगरपालिका भन्नाले" प्रदेश नं. ३ काभ्रे जिल्लामा अवस्थित चाँगुनारायण नगरपालिकालाई संझनु पर्नेछ

(ङ) "होमस्टे (घरवास) ब्यवस्थापन तथा संञ्चालन समिति" भन्नाले दफा ९ बमोजिम गठन भएको समिति सम्झनु पर्नेछ ।

(च) "प्रमुख" भन्नाले चाँगुनारायण नगरपालिकाका प्रमुखलाई सम्झनुपर्छ ।

**३. उद्देश्य :** होमस्टे संचालनका मुख्य उद्देश्य देहाय बमोजिमका हुनेछन्ः–

(क) होमस्टे संचालन गरी पर्यटन क्षेत्रको प्रतिफल ग्रामीण समुदाय, पिछडिएका जनजाती तथा आदिवासी समुदायमा पु¥याउने,

(ख) ग्रामीण क्षेत्रका जनतालाई पर्यटन ब्यवसाय तथा सेवामा उन्मुख गराउने,

(ग) ग्रामीण तथा शहरी स्थानीय समुदायको आयश्रोत बृद्धी गरी जिवनस्तर सुधार्ने,

(घ) होम स्टेमा आवास र खाने सुबिधा मात्र नभै पर्यटकलाई सुलभ, सरल र सहज वातावरणमा स्थानीय जनजीवन, स्थानीय परिकार, रितीरिवाज, कला संस्कृति रहनसहन, स्थानीय पर्यटकिय क्षेत्र आदिको बारेमा अनुभव हासिल गर्ने मौका दिने,

(ङ) ग्रामीण पर्यटनमा रमाउने पर्यटकलाई सहज बसोवासको बयवस्थापन गरी गाउँका ऐतिहासिक, धार्मिक र रमणीय स्थानको बारेमा जानकारी दिने,

(च) फोहर मैलाको उचित ब्यवस्थापन गरी स्वच्छ गाउँ तथा शहरको निर्माण गर्ने,

(छ) गाउँका युवाहरुलाई गाउँमा नै स्वरोजगार सिर्जना हुने खालको कार्यहरु जस्तै प्रकृति पथप्रदर्शक, हस्तकला, अर्गानिक खेतीमा उन्मुख गराउने,

(ज) समुदायमा संग्रहालय तथा साँस्कृतिक घरको निर्माण गरी पर्यटकलाई आकर्षित गर्ने वातावरण सिर्जना गर्ने ।

**४. होम स्टेको वर्गीकरण :–** ब्यवस्थापनको दृष्टीकोणवाट होम स्टेलाई दुई भागमा बिभाजन गर्ने ।

(क) सामुदायिक होम स्टे :– यस कार्यविधिको अनुसूची– २ मा उल्लेखित मापदण्ड पूरा गरी अलग–अलग स्वामित्व भएका कम्तीमा पाँच वटा घरधनीले सामुहिक ब्यवस्थापन गरी संचालन गरेको होम स्टेलाई सामुदायिक होम स्टे मानिन्छ ।

(ख) निजी होम स्टे :– कुनै ब्यक्तिले एकल रुपमा दर्ता गरी निजीस्तरमा सञ्चालित होम स्टेलाई निजी होम स्टे मानिन्छ ।

**५. दर्ताका लागि निवेदन दिने :–** (१) होम स्टे संचालन गर्न चाहने ब्यक्ति वा समुदायले देहाय बमोजिमका कागजात सहित अनुसूची– १ बमोजिमको ढाँचामा रु. २००।– को नगदी रसिद काटी नगर कार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

सामुदायिक होम स्टेका लागि :–

(क) कम्तीमा पाँच जना घरधनीले आ–आफ्नो घरमा सामूहिक रुपमा होम स्टे सञ्चालन गर्न सहमत भएको लिखित प्रतिवद्धता पत्र,

(ख) वडा कार्यालयको सिफारिस पत्र,

(ग) जग्गा धनी प्रमाण पूर्जा वा पैतृक सम्पती यकिन हुने प्रमाण वा मञ्जुरीनामा,

(घ) शहरी क्षेत्रभित्र भएमा नक्सापासको प्रतिलिपि,

(ङ) होम स्टे संचालकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

**निजी होम स्टेका लागि :–**

(क) वडा कार्यालयको सिफारिस पत्र

(ख) जग्गा धनी प्रमाण पूर्जा वा पैतृक सम्पत्ती यकिन हुने प्रमाण वा मञ्जुरीनामा वा यदी भाडाको जग्गामा सञ्चालन गर्ने भए कम्तिमा १० बर्षको जग्गा भाडा सम्झौताको प्रतिलिपी,

(ग) शहरी क्षेत्रभित्र भएमा नक्सापासको प्रतिलिपि,

(घ) होम स्टे संचालकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि प्रमुखले देहाय बमोजिमको पाँच सदस्यीय निरीक्षण टोली गठन गर्नेछ र उक्त टोलिले अनुसूची– २ बमोजिमको मापदण्ड पुरा भए नभएको बारेमा १ महिना भित्र प्रतिबेदन पेश गर्नेछ ।

(क) सम्बन्धित वडाको वडाध्यक्ष, – संयोजक

(ख) स्वास्थ्य, कृषि र बन वातावरण हेर्ने कर्मचारी – १ – सदस्य

(ग) होम स्टे ब्यवस्थापन तथा संचालन समितिको प्रतिनिधि १ – सदस्य

(घ) बिज्ञ १ – सदस्य

(ङ) सम्बन्धित वडाको वडा सचिव, सचिव

(३) उपदफा (२) वमोजिमको निरीक्षणवाट तोकिएको मापदण्ड पूरा भएको प्रतिवेदन प्राप्त भएमा नगर कार्यपालिकाको कार्यालयले सात दिनभित्र पाँच हजार रुपैयाँ सामुदायिक होम स्टेका लागि र तिन हजार रुपैयाँ निजी होम स्टेका लागि शुल्क लिई अनुसूची– ३ बमोजिमको ढाँचामा तोकिएको अधिकारीवाट होम स्टे संचालनको प्रमाणपत्र दिनु पर्नेछ ।

(४) मापदण्ड पूरा नगरेका होम स्टेको हकमा निरीक्षण टोलिको प्रतिवेदन अनुसार आवश्यक सुधार गर्ने समय दीइनेछ र पुन: स्थलगत निरीक्षण गरी उपदफा (३) वमोजिम दर्ता प्रमाणपत्र दिनु पर्नेछ ।

**<u>६. होम स्टे दर्ताका लागि न्यूनतम मापदण्डहरु :–</u>** (१) होम स्टे दर्ताका लागि देहाय वमोजिमको न्यूनतम मापदण्ड पूरा गर्नु पर्नेछ :

(क) पाहुनाको लागि हरेक घरमा कम्तीमा एक कोठा र दुई बेड भएको हुनु पर्ने र बढीमा चारकोठा र आठ बेड मात्र राख्न पाईने,

(ख) शौचालय र स्नानगृहको अनिवार्य ब्यवस्था भएको हुनु पर्ने,

(ग) घरायसी र वातावरणीय सरसफाईको राम्रो ब्यवस्था हुनु पर्नेछ र फोहरमैला ब्यवस्थापनका लागि कुहिने तथा नकुहिने फोहरको छुटाछुट्टै ब्यवस्था भएको हुनु पर्ने,

(घ) सेवा, सुविधा र गुणस्तरका आधारमा खानपानका वस्तुहरु र आवासको आधारमा औचित्यपूर्ण मूल्य सहितको मेनुको ब्यवस्था भएको हुनु पर्ने,

(ङ) संचारका न्युनतम सुविधाहरु जस्तै टेलिफोन वा ईन्टरनेटको ब्यवस्था भएको हुनु पर्ने,

(२) होम स्टे दर्ताको लागि आवश्यक अन्य मापदण्ड अनुसूची – २ बमोजिम हुनेछ ।

**<u>७. होम स्टेका मुख्य पर्यटकीय क्रियाकलाप :–</u>**

(१) होम स्टे संञ्चालकले मनोरञ्जनका लागि पाहुनाको चाहना अनुसार स्थानीय क्षेत्रमा सञ्चालन हुने सांस्कृतिक कार्यक्रम र परम्परागत खेलमा सहभागी गराउने,

(२) पाहुनाको चाहना अनुसार उपलब्ध हुने क्षेत्रमा जंगल, ट्रेक, इकोट्रेक, कृषि फार्म अवलोकन, अध्ययन तथा सिकाई केन्द्र, संग्रहालय, दृश्यावलोकन, गाउँ अवलोकन आदि जस्ता मुख्य पर्यटकीय क्रियाकलापको ब्यवस्था गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा लेखिएदेखि बाहेक होम स्टेले देहाय बमोजिमको कार्यक्रमको आयोजना गर्नु पर्नेछ ।

(क) स्थानीय प्रचलन अनुसार फूलमालाका साथ पर्यटक स्वागतको ब्यवस्था गर्ने,

(ख) पर्यटकहरुलाई सामुदायिक भवन वा खुला ठाउँमा मौलिक परम्परा वा संस्कृतिमा आधारित सांस्कृतिक कार्यक्रमहरुको प्रस्तुती, मेला, जात्रा जस्ता गतिविधीहरु आयोजना गरी सहभागी गराउने,

(ग) सांस्कृतिक सम्पदा, संग्रहालय, घरेलु तथा हस्तकला सामाग्री उत्पादन केन्द्र, रमणीय क्षेत्रको दृश्यावलोकन, झरना, जंगल, वन्यजन्तु तथा चरा अवलोकन आदिको ब्यवस्था गर्ने,

(घ) स्थानीय कृषि, घरेलु तथा हस्तकला प्राविधिमा सहभागी गराई पर्यटक तथा स्थानीय जनता वीच जीवनशैली, कला संस्कृति, भेषभुषा आदि बिषयमा अवलोकन, अनुभव तथा ज्ञानको आदान प्रदान गराउने,

(ङ) होम स्टेमा बस्ने पर्यटकहरुलाई गाउँघरमा उत्पादित स्थानीय तथा प्राङ्गारिक खाना खुवाई फरकपनको अनुभूती दिने,

(च) पर्यटकलाई होम स्टेमा रहँदा उत्कृष्ट आतिथ्यता सहित पारिवारिक वातावरणमा बसिरहेको अनुभव दिलाउने,

(छ) स्थानीय उत्पादन र संस्कृति झल्कने मायाको चिनो र फुल माला सहित पर्यटकलाई विदाई गर्ने,

(ज) पर्यटक होम स्टेबाट बिदाई भएपछि एकपटक उनीहरु गन्तब्यमा पुगे नपुगेको जानकारी लिने ।

**<u>८. होम स्टेले दर्ता पश्चात पुरा गर्नुपर्ने अन्य मापदण्डहरु :–</u>** (१) होम स्टे सञ्चालकले दर्ता पश्चात पुरा गर्नुपर्ने अन्य मापदण्डहरु देहाय बमोजिम हुनेछन, –

(क) सुरक्षा निकायसँग समन्वय गरी पर्यटक सुरक्षाको ब्यवस्था मिलाउनु पर्ने,

(ख) पर्यटकको स्वास्थ्य स्थितिको पूर्व जानकारी लिई सोही बमोजिमको खानपानको ब्यवस्था गर्नु पर्ने तथा पर्यटक बिरामी भएमा स्थानीय स्वास्थ्य चौकी वा अस्पताल सँग समन्वय गरी उपचारको ब्यवस्था गर्ने,

(ग) सामुदायिक होम स्टेको लागि कम्तिमा एक सामुदायिक भवन वा हलको ब्यवस्था हुनु पर्ने,

(घ) हरेक बर्ष लेखा परीक्षण गराउने र पर्यटकको तथ्यांक ब्यवस्थित गरी राख्नु पर्ने,

(ङ) प्रत्येक बर्ष पौष मसान्तसम्म आन्तरिक राजश्व बिभाग अन्तर्गतका कार्यालयवाट कर चुक्ता गर्नु पर्ने,

(च) हाल संचालित संघीय सरकारका बिभिन्न निकायमा दर्ता भएका होम स्टेहरु समेत कर चुक्ता गरी अन्य आवश्यक विवरण सहित नगरपालिकामा दर्ता गर्नु पर्ने,

(छ) होम स्टेको वार्षिक प्रतिवेदन र आर्थिक प्रतिवेदन नगरपालिकाको सम्बन्धित शाखामा पेश गर्नुपर्ने,

(ज) होम स्टेमा आउने पर्यटकलाई सम्भव भएसम्म प्राकृतिक चिकित्सा लगायत अन्य गतिविधिहरु संचालन गरी बसाईका दिन लम्ब्याउन पहल गर्नु पर्ने,

(झ) होम स्टेको मुल मर्म बिपरित वा होटेल लजको आकारमा चलेको पाइएमा उक्त होम स्टे खारेज हुने भएकोले त्यस्ता होटेल ब्यवसायी यथाशीघ्र कम्पनिको रुपमा दर्ता हुनुपर्ने ।

**<u>९. होम स्टे ब्यवस्थापन तथा संचालन समिति :–</u>**

(१) सामुदायिक होम स्टे सञ्चालन गर्नका लागि संचालकले साधारण सभा वा भेला गरी देहाय बमोजिमको होम स्टे ब्यवस्थापन तथा सञ्चालन समिति गठन गर्नु पर्नेछ :–

(क) समुदायका सदस्यहरुबाट एक जना – अध्यक्ष

(ख) समुदायका सदस्यहरुबाट एक जना – उपाध्यक्ष

(ग) समुदायका सदस्यहरुबाट एक जना – कोषाध्यक्ष

(घ) समुदायका सदस्यहरुबाट एक जना – सदस्य

(ङ) समुदायका सदस्यहरुवाट एक जना –सदस्य–सचिव

(२) होम स्टेमा सहभागी हुने घर संख्याको आधारमा समावेशी हुने गरी समुदायले थप ६ जना सम्म सदस्यको चयन गर्न सक्नेछ ।

(३) होम स्टे ब्यवस्थापन तथा संचालन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) पर्यटकीय क्रियाकलापहरु र पर्यटक र संचालकहरुले पालना गर्नुपर्ने आचारसंहिताको बारेमा जानकारी गराउने ।

(ख) आगन्तुक पाहुनाको स्वागत तथा आवासको ब्यवस्था मिलाउने,

(ग) पाहुनाको दर्ता तथा रेकर्डको ब्यवस्था गर्ने,

(घ) आय–ब्ययको श्रेस्ता ब्यवस्थित र दुरुस्त राख्ने,

(ङ) प्रत्येक होम स्टे र ग्रामीण क्षेत्रको सरसफाई तथा अन्य ब्यवस्थापन पक्षको नियमित अनुगमन गर्ने,

(च) स्थानीय पर्यटन प्याकेजहरुको निर्माण र प्रचार प्रसार गर्ने,

(छ)स्थानीय प्रविधी, ज्ञान सिप, वातावरण, परम्परा, शैली, भेषभूषा, कला तथा संस्कृतिको खोजी तथा संरक्षण गर्ने,

(ज) नेपाली सांस्कृतिक कार्यक्रमहरुको प्रदर्शन/ब्यवस्थापन गर्ने,

(झ)पाहुनाको स्वास्थ्योपचार, अन्य आकस्मिक सेवाको ब्यवस्थापन र समन्वय गर्ने,

(ञ) होम स्टे जाने पथचिन्ह (साइनेज) तथा लोकेसन म्याप तयार गरी आवश्यक स्थानमा राख्ने,

(ट)पर्यटक आवास गृहमा उपलब्ध हुने सेवा, सुविधाको गुणस्तरका आधारमा मेनु/मुल्य निर्धारणमा एकरुपता कायम गर्ने साथै प्रत्येक होम स्टे संचालकको घरमा देहाय वमोजिमको संक्षिप्त विवरण सहीतको बोर्ड राख्न लगाउने

होम स्टेको नाम :

दर्ता नं.

फोन नं.

इ–मेल :

(ठ) प्रत्येक आर्थिक बर्ष समाप्त भएको पैतीस दिन भित्र अनुसूची ५ वमोजिम पाहुना संख्या, प्रमुख क्रियाकलाप आय तथा ब्यय देखिने बार्षिक प्रतिवेदन नगरपालिकामा पठाउनु पर्ने,

(ड)नगर स्तरिय होम स्टे समिति संग नियमित सम्पर्क र सञ्चार गर्ने,

(ढ) अनुसूची– ४ बमोजिमको सूचना पाहुनाले देख्ने स्थानमा राख्नु पर्ने,

(ण) होम स्टे बिकास, प्रबर्धन तथा ब्यवस्थापनका लागि अध्ययन, अवलोकन भ्रमण जस्ता कार्य गर्ने,

(त) कुनै निकायवाट प्राप्त सहयोगको उपयुक्त ठाउँमा लगानी गर्ने,

(थ) बिभिन्न निकायहरुको समन्वयमा होम स्टे, पथ प्रदर्शक, फोहरमैला ब्यवस्थापन जस्ता तालिमहरुको आयोजना गर्ने

(द)होम स्टेको विकास, प्रबर्धन तथा ब्यवस्थापनका लागि आवश्यक अन्य कार्यहरु गर्ने ।

**१०. नगरस्तरिय होम स्टे समन्वय समिति :–**

(१) नगरपालिकाले होम स्टेको माध्यमवाट पर्यटन विकास, प्रबर्धन र समन्वय गर्नका लागि एक होम स्टे समन्वय समितिको गठन गर्न सक्नेछ ।

(२) नगरपालिकाको प्रमुख वा निजले तोकेको कार्यपालिका सदस्यको संयोजकत्वमा सामुदायिक र निजी होम स्टे सञ्चालकका प्रतिनिधि, निजी पर्यटन ब्यवसायी र आवश्यक विषयगत शाखाका कर्मचारीहरु प्रतिनिधि रहने गरी ५ देखि ११ जना सम्मको नगरस्तरिय होम स्टे समन्वय समिति गठन गर्न सकिनेछ ।

(३) नगरस्तरिय होम स्टे समन्वय समितिको काम, कर्तब्य र अधिकार देहाय वमोजिम हुनेछ,

(क) होम स्टे ब्यवस्थापन समितिहरु वीच समन्वय र सहजीकरण गर्ने,

(ख) पूर्वाधार विकास र क्षमता अभिबृद्धि सम्बन्धी कार्य गर्ने,

(ग) आकस्मिक स्वास्थ्य सम्बन्धी सहयोग र समन्वय गर्ने,

(घ) सम्भाब्य पर्यटकीय सम्पदाहरुको विवरण तयार गर्ने,

(ङ) पर्यटकको संचार तथा सुरक्षामा समस्या देखिएमा सहयोग गर्ने,

(च) पर्यटन सूचना केन्द्रको स्थापना गर्ने र अभिलेख ब्यवस्थित गर्ने,

(छ) स्थानीय कृषि उत्पादन प्रयोग गर्ने तथा प्राङ्गारिक कृषि प्रवर्धन गर्न स्थानीय कृषि जैविक प्रविधिमा सहयोग पुर्‍याउने ।

**११. पर्यटन पूर्वाधार विकास योजनामा सहयोग सम्बन्धी ब्यवस्था :–** होम स्टेमा पर्यटन पूर्वाधार विकास तथा संरक्षण सम्बन्धी योजनामा नगरपालिकाले आर्थिक तथा प्राविधिक सहयोग गर्न सक्नेछ ।

**१२. अनुगमन तथा निरिक्षण सम्बन्धी ब्यवस्था :–** (१) संघ, प्रदेश, नगरपालिका वा अन्य तोकिएको निकायले आवश्यकतानुसार समय समयमा होम स्टे ब्यवस्थापन तथा संचालन समितिका कार्यहरु तथा प्रत्येक होम स्टेको अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

(२) तोकिएको निकायवाट हुने अनुगमन तथा निरिक्षणका क्रममा तोकिएको मापदण्ड पूरा नगर्ने होम स्टेलाई मनासिव माफिकको म्याद दिई मापदण्ड पूरा गर्न लगाउनु पर्नेछ ।

(३) उपदफा (१) वमोजिमको म्यादभित्र पनि मापदण्ड कायम गर्न नसकेका होम स्टेलाई निलम्बन वा खारेज गर्न सक्नेछ ।

(४) स्विकृत कार्यक्रम तथा बजेट अनुसारको कामको कार्यान्वयनको क्रममा र कार्य सम्पन्न भएपछि सम्बन्धित निकायवाट अनुगमन तथा निरीक्षणको काम हुनेछ ।

(५) कुनै होम स्टे संचालकले मापदण्ड पालना नगरेको वा सो सम्बन्धी गुनासो आएमा नगरबाट कुनै पनि समयमा निरीक्षण गरी आवस्यक निर्देशन दिन सकीनेछ । सो निर्देशनको पालना गर्नु होम स्टे संचालकको कर्तब्य हुनेछ ।

(६) होम स्टेको संचालकहरु अवान्छनीय गतिविधिमा संलग्न भएको पाइएमा उक्त होम स्टेको कानुन वमोजिम कार्वाही सहित दर्ता खारेजी हुनेछ ।

**१३. नवीकरण :–**

(१) सामुदायिक तथा नीजि होम स्टे सञ्चालकले देहाय वमोजिमको कागजात संलग्न गरी हरेक बर्ष होम स्टे नविकरणको लागि नगरकार्यपालिकाको कार्यालयमा रु. १०००।– रुपैयाँको रसिद काटी निवेदन दिनु पर्नेछ ।

(क) नविकरण अवधिसम्मको लेखा परीक्षण प्रतिवेदन, प्रगती प्रतिबेदन र होम स्टेले पर्यटकलाई प्रदान गरेको सेवाको विवरण,

(ख) सामुदायिक होम स्टेको हकमा होम स्टे ब्यवस्थापन तथा संचालक समितिको प्रगति प्रतिवेदन (पर्यटन पूर्वाधार विकास कार्यक्रम संचालन गरेको भए सो को समेत प्रगति विवरण),

(ग) सामुदायिक होमस्टेको हकमा माथिको विवरण सहित ब्यवस्थापन समितिको निर्णयको प्रतिलिपी ।

(२) उपदफा (१) बमोजिम नविकरणको लागि निवेदन पर्न आएमा नगरकार्यपालिकाको कार्यालयले होम स्टेको निरीक्षण गरी मापदण्ड पूरा भएकाको हकमा होम स्टेको नविकरण गर्नेछ र पूरा नभएका होम स्टेको नवीकरण हुने छैन ।

**१४. प्रचार प्रसार तथा बजारीकरण :–** होम स्टेको होर्डिङ्ग बोर्ड, साइनबोर्ड, ब्रोसियर, पोष्टर, सिडी जस्ता प्रचार प्रसारका सामग्रीहरुको उत्पादन, बेभसाइट, पत्रपत्रिका, रेडियो, टेलिभिजन, उत्सव, मेला, महोत्सव, गैर आवासीय नेपाली सँगको सहकार्य, टुर अपरेटर तथा पत्रकारहरुलाई परिचयात्मक भ्रमण, भ्रमण प्याकेजको निर्माण तथा बिक्री जस्ता कृयाकलापहरु पर्यटन सम्बन्धी स्थानीय कार्यालय तथा संस्था र नगरपालिकाले नीजि क्षेत्रका ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीसँग सहकार्य गरी होम स्टेको प्रचार प्रसार तथा बजारीकरण गर्न सक्नेछ ।

**१५. बिबिध :**

(१) कुनै उत्सब, धार्मिक मेला हुने स्थान र समयमा आउने पर्यटक, दर्शनार्थी तथा तीर्थालुहरुको वसोवास र खानपीनको वन्दोवस्त मिलाउन होम स्टे संचालनको लागि स्थानीय समुदाय समेतको सहभागितामा अनुरोध भएमा यस कार्यविधिको अन्य ब्यवस्थाहरुको अधीनमा रही सञ्चालन अनुमति दिन सकिनेछ ।

(२) होम स्टेमा ट्राभल एजेन्सी मार्फत आउने पर्यटकको वीमा गराउने जिम्मेवारी सम्बन्धित ट्राभल एजेन्सीको हुनेछ । ब्यक्तिगत रुपमा आउने पर्यटकको हकमा विमा गर्ने जिम्मेवारी सम्बन्धित पर्यटकको नै हुनेछ ।

(३) होम स्टे संचालन गर्ने संचालकले प्रचलित नेपाल कानून वमोजिम नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिएर मात्र विदेशी मुद्राको कारोवार गर्नु पर्नेछ ।

(४) होम स्टे संचालन सम्बन्धी आधारभूत तालिम तथा प्रशिक्षणहरु बिभिन्न आधिकारीक संस्थावाट प्राप्त गर्न सकिनेछ ।

(५) पर्यटकीय गतिविधिमा नै असर पर्ने गरी नाजायज काम (ठगी, चोरी, महिला हिंसा, निकृष्ट वालश्रम, बाल यौन शोषण लगायत सवै खाले वालहिंसा र अमानवीय ब्यवहार, बन्यजन्तुको शिकार, अबैध बन पैदावरको कारोबार, आखेटोपहारको बिक्रिबितरण) गरेको भनी कुनै पर्यटक तथा स्थानीय जनतावाट निवेदन पर्न आई सो कसुर ठहर भएमा वा अनुगमनको क्रममा प्रमाणित भएमा त्यस्तो नीजि होम स्टे वा सामुदायिक होम स्टेको सदस्यलाई पुनः होम स्टे संचालन गर्न नपाउने गरी निजको दर्ता खारेज गर्न सकिनेछ ।

# अनुसूची १

## (दफा ५ को उपदफा (१) संग सम्बन्धित)

## होमस्टे दर्ताका लागि दिइने निवेदन

श्री चाँगुनारायण नगर कार्यपालिकाको कार्यालय

चाँगुनारायण भक्तपुर ।

म/हामीहरुले.......................................................................................................................... वडा नं. ............... टोल/गाउँ ..................................................................................मा संचालन गर्न लागेको .................................................................. होमस्टेलाई होमस्टे संचालन कार्यविधि, २०७६ बमोजिम निजी/सामुदायिक होमस्टेको रुपमा दर्ता गरी पाउन निवेदन गर्दछु/गर्दछौ । होम स्टे संचालन कार्यविधि २०७६ को अधिनमा रही आफ्नो होम स्टे संचालन गर्दछु/गर्नेछौं ।

संलग्न कागजात:

१. होमस्टे संचालन गर्ने निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपिहरु

२. होमस्टे संचालन गर्ने प्रत्येक घरधनीको जग्गा धनी प्रमाण पुर्जा वा पैतृक सम्पत्ती झल्कने प्रमाण वा मञ्जुरीनामा वा भाडामा लिएको भए सो को संझौताको प्रतिलिपि ।

३. प्रत्येक घरधनीले होम स्टे संचालन गर्न मञ्जुर गरेको कागजात सहित होम स्टे व्यवस्थापन तथा संचालक समितिको निर्णयको प्रतिलिपी ।

४. व्यवस्थापन समिति गठन तथा दर्ता गर्ने सम्बन्धी स्थानीय भेलाको निर्णय ।

५. सम्बन्धीत वडाको सिफारिस ।

६. आधारभूत प्रशिक्षण लिएको भए सोको प्रमाणपत्रको प्रतिलिपि

७. फोटो २ प्रति

होमस्टे यूनिटहरु (दर्ता हुने व्यक्तिहरुको विवरण)

| क्र.सं. | संचालकको नामथर | ठेगाना |
|---|---|---|
| | | |
| | | |

नोट: सामुदायिक होम स्टेको हकमा होम स्टे व्यवस्थापन तथा संचालन समितिको अध्यक्ष वा अधिकार प्राप्त व्यवस्थापन समितिको सदस्यले निवेदन दिनुपर्नेछ ।

निवेदकको

नामथर: .........................................................

ठेगाना: .........................................................

मिति : .........................................................

## अनुसूची – २

### (दफा ६ को उपदफा (२) र दफा ५ को उपदफा (२) संग सम्बन्धित)

### होम स्टे संचालनका आधारभूत मापदण्ड :

**१. होम स्टेका लागि घर, कोठा र शैया:**

(क) सहज पहुँचका लागि बाटोको प्रबन्ध भएको, घरहरु मौलिक संस्कृती झल्किने र हावा हुरी, जंगली जनावर आदिवाट सुरक्षित हुनुपर्ने, खुला, हिलो तथा धुलो रहित सफा सुग्घर हुनु पर्नेछ ।

(ख) होम स्टेमा पाहुनाका लागि कम्तीमा एउटा अलग्गै कोठा हुनु पर्नेछ ।

(ग) होम स्टे संचालन गर्ने एक घरमा बढीमा ४ कोठा पर्यटकका लागि छुट्याउन सकिनेछ ।

(घ) एउटा कोठामा बढीमा २ वटा मात्र ओछ्यान रहनुपर्नेछ । ओछ्यान कम्तीमा ६.५ फिट लम्बाई र ३ फिट चौडाईको हुनु पर्नेछ ।

(ङ) भुईमा कार्पेट वा राडी वा सफा गुन्द्री ओछ्याएको हुनुपर्नेछ ।

(च) ढोकामा खुट्टा पुछ्ने डोरम्याट भएको हुनुपर्नेछ ।

(छ) नरम खालको सेतो तन्ना भएको र सेतैखोल भएको ओढ्नेको व्यवस्था हुनुपर्नेछ ।

(ज) उपयुक्त स्थानमा लुगा झुण्ड्याउने व्यवस्था भएको हुनुपर्नेछ ।

(झ) कोठामा विजुली बत्ती वा लाल्टिन वा मैनवती वा टुकी पानस वाल्ने व्यवस्था हुनुपर्नेछ ।

(ञ) सुत्ने कोठामा धुवाँ आउने हुनु हुदैन । भान्सा कोठा र भ¥याङ्ग कोठा पर्यटक सुताउनका लागि प्रयोग हुनु हुदैन ।

(ट) सुत्ने कोठामा राम्रा–राम्रा दृश्य र स्थानीय संस्कृति झल्कने तस्विरहरु भएमा राम्रो हुनेछ ।

(ठ) फोहोर फाल्ने एउटा टोकरी (डस्टवीन) को ब्यवस्था हुनु पर्नेछ ।

(ड) प्रत्येक पाहुनाका लागि एकजोर चप्पलको ब्यवस्था हुनु पर्नेछ ।

(ढ) भित्तामा एउटा अर्धकद देखिने ठूलो ऐना झुण्डाएको हुनु पर्नेछ ।

(ण) सम्भव भएसम्म सुत्ने कोठामा चिया टेवल राख्नु राम्रो हुनेछ ।

(त) सम्भव भएसम्म सुत्ने कोठामा २ वटा कुर्सी राख्नु राम्रो हुनेछ ।

(थ) पर्यटकले देख्ने ठाउँमा त्यस होम स्टेका फरक खालका विशेषता र धार्मिक, ऐतिहासिक तथा रमणीय स्थानको बारेमा जानकारी दिने बोर्ड राख्नु राम्रो हुनेछ ।

(द) पर्यटकले पालना गर्नु पर्ने अनुसूची– ४ बमोजिमका आचार संहिता प्रष्ट देखिने गरी उपयुक्त स्थानमा टाँस्नु पर्नेछ र सो आचार संहिताको वारेमा पाहुनालाई शुरुमै जानकारी दिनु पर्नेछ ।

(ध) मेनुमा उल्लेख भए बाहेकका अन्य क्रियाकलाप/सेवामा पर्यटकहरुलाई अतिरिक्त शुल्क तिर्न बाध्य पार्न हुँदैन ।

**२. शौचालय र स्नान घर :**

(क) सुविधायुक्त अपाङ्ग तथा बाल मैत्री र सफा शौचालय हुनु पर्नेछ ।

(ख) होम स्टे संचालन गर्ने घर वा समुदायले नुहाउनका लागि सुविधायुक्त र सफा स्नान घरको ब्यवस्था मिलाउनु पर्नेछ ।

(ग) स्नान घरमा पानीको बाल्टी, मग, सावुन, रुमाल आदि आधारभूत वस्तुहरु हुनु पर्नेछ ।

**३. भान्छा कोठा र खाना खाने ब्यवस्था :**

(क) पाहुना राख्ने घर।कोठा नजिक गाई भैसी अथवा भेडा बाख्रा, सुँगुर, कुखुरा आदि बाध्न वा पाल्न पाइने छैन ।

(ख) धेरै धुवाँ नहुने भान्सा (उन्नत वा सुधारिएको चुलो) भएको हुनु पर्नेछ । बायो ग्यास वा गोबरग्यासको उपयोगलाई प्राथमिकता दिनुपर्नेछ ।

(ग) पानीको सुविधा मिलाउनु पर्ने र खाने पानी फिल्टर गरेर वा उमालेर मात्र दिने गर्नु पर्नेछ ।

(घ) स्थानीय खानाका परिकारहरुलाई स्वस्थकर ढंगले पकाउने र खुवाउने प्रबन्ध हुनु पर्नेछ ।

(ङ) सानो तथा मौलिक खालको डाइनिङ्ग टेवलको पनि प्रबन्ध भए राम्रो हुनेछ ।

(च) खानाको परिकारको सकभर पूर्ण विवरण तथा मूल्य निर्धारण गरिएको (मेनु भएको) हुनु पर्नेछ ।

(छ) नेपालीहरुलाई राम्रो सँग पलेटी कसेर बसेर खान मिल्नेठाउँ हुनुपर्ने ।

**४. स्वास्थ्य, सरसफाई तथा सुरक्षा :**

(क) बास बस्ने कोठा तथा सुत्ने विस्तारामा किरा, लामखुट्टे आदिवाट सुरक्षित भएको हुनु पर्नेछ ।

(ख) सामुदायिक रुपमा प्राथमिक उपचारको ब्यवस्था हुनु पर्ने, खुला नाली र ढल नभएको हुनु पर्नेछ ।

(ग) वातावरण मैत्री कृषि, पर्यटन क्रियाकलाप, पर्यटकीय सम्पदाहरुको संरक्षण, सार्वजनिक शौचालयको ब्यवस्था, फूलवारी र बृक्षारोपण गरी हरियाली हुनु पर्नेछ ।

**५. अन्य :**

(क) यथासंभव अग्नि नियन्त्रणको ब्यवस्था हुनुपर्ने ।

(ख) यथासंभव एउटै प्रकृतिको रंग प्रयोग गरी सामुदायिक होमस्टेको पहिचान गराउनुपर्नेछ ।

(ग) समुदायमा बिपद् ब्यवस्थापनको आवश्यक सामाग्री तथा पूर्वतयारी गर्नुपर्नेछ ।

अनुसूची – ३

(दफा ४ को उपदफा (३) संग सम्बन्धित

# चाँगुनारायण नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

# खरिपाटी , भक्तपुर ।

प्रमाणपत्र संख्या : मिति: ..................................

...................................................................................................................... लाई होमस्टे संचालन कार्यविधि, २०७६ मा व्यवस्था भए अनुसार सामुदायिक / निजि होम स्टेका रुपमा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएकोछ ।

१. सदस्यको नाम :

२. ठेगाना:

३. मान्य अवधि:

अनुमतिपत्र प्रदान गर्ने अधिकृतको

नाम : दर्जा :

दस्तखत : मिति :

CHANGUNARAYAN MUNICIPALITY
Office of Municipal Executive
Kharipati, Bhaktapur

HOMESTAY OPERATION CERTIFICATE

............................................................................ Homestay is registered/renewed as a community /private home stay under homestay operation procedures 2076 B.S.

1. Name of the owner:
2. Address of the owner :
3. Valid up to:

Issued By :-
Name :- Designation :
Signature :- Date :-

## नविकरण

| नविकरण गर्ने अधिकारीको नाम | नविकरण गरेको मिति | नविकरण बहाल रहने मिति | नविकरण दस्तुर/ भौचर नं | नविकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

शर्तहरु :

- व्यवस्थापन तथा संचालन समितिसंग समन्वय गरी पर्यटकहरुलाई बसोबासको व्यवस्था गर्नुपर्नेछ ।
- चलन चल्तीको वा निर्धारित मूल्य भन्दा बढी मूल्य लिनु हुदैन ।
- स्थानीय सामाजिक सांस्कृतिक वातावरणलाई असर पर्ने खालका क्रियाकलापहरु गर्नु गराउनु हुदैन । यो प्रमाणपत्र तथा अनुसूची ४ बमोजिमको आचारसंहिता सबैले देख्ने स्थानमा राख्नुपर्नेछ।
- व्यवस्थापन तथा संचालन समितिसंग समन्वय गरी प्रत्येक वर्ष प्रतिवेदन बुझाउनु पर्नेछ ।
- यो प्रमाणपत्र प्रत्येक एक–एक वर्षमा नविकरण गराउनु पर्नेछ ।

## *अनुसूची ४*

## *(दफा ९ को उपदफा (३) खण्ड (ढ) संग सम्बन्धित)*

### **Code of Conduct for the Visitors (आचारसंहिता)**

*The home stay visitors are expected to abide the following points: पर्यटकहरुले निम्न लिखित आचार संहिताको पालना गर्नु पर्नेछ :-*

1. Do not pressure the owner for food, beverage and facilities not available at home stay. (होम स्टेमा उपलब्ध हुन नसक्ने खाना, पेय पदार्थ र सुविधा बारे संचालकलाई दबाव दिन पाइने छैन) ।
2. Do not disturb people at home or outside.(होम स्टे र छिमेकीलाई असर पर्नेगरी होहल्ला गर्न पाइने छैन) ।
3. Activities like music, cultural are strictly prohibited after 10:PM. (होम स्टेमा गरिने गतिविधि सांगीतिक, सांस्कृतिक कृयाकलाप बेलुकी १०:०० बजे भन्दा पछि गर्न पाइनेछैन) ।
4. Do not offer anything to the people beyond one's capacity. (होम स्टे संचालकको क्षमता बाहिरको सेवा सुविधा माग गर्न पाइने छैन) ।
5. Beware of doing any behavior (such as sexual activities), which is impermissible to the local socio-cultural values. (सामाजिक मूल्य मान्यता, धर्म संस्कृतिको दृष्टि नपर्ने ब्यवहार, गतिविधी, यौनजन्य हिंसा गर्न पाईने छैन) ।
6. Respect to the rites and rituals of the local people. Wear such clothes that are permissible to the community. (स्थानीय समुदायको रिति रिवाजलाई सम्मान गर्नु पर्नेछ र समुदायमा सहज हुने कपडाहरु लगाउनु पर्नेछ) ।
7. Do not impress the owner or use or other people for doing immoral or illegal activities. Respect to the household routine for entrance and exit. (अनैतिक र गैरकानुनी क्रियाकलाप गर्न समुदायलाईदवाव दिनु हुँदैन) ।
8. Supply and use of narcotics or any forms of psychotropic drugs at home or outside is strictly prohibited. (कुनै प्रकारका लठयाउने प्रकारका लागु पदार्थहरु प्रयोग गर्न र विक्रि वितरण तथा ओसार पसार गर्न सख्त मनाही छ) ।
9. Respect to the biodiversity and ecology of the environment. (जैविक विविधता र वातावरणीय परिस्थितिलाई सम्मान गर्नुहोस) ।
10. Carrying weapons (e.g., Gun, Explosive materials) are strictly prohibited.(हातहतियार जस्तै बन्दुक, बिस्फोटक पदार्थ बोक्न सख्त मनाही छ) ।
11. Home stay visitors must submit their own identity cards. For foreigners, we will rely on valid visas or passports. (होम स्टेमा बस्नेहरुले अनिवार्य रुपमा आफ्नो परिचय खुल्ने कागजात पेश गर्नु पर्नेछ । बिदेशी पाहुनाहरुको हकमा नेपालमा बसाई बाँकी भएको मान्य अवधि हेरि यसका लागि खक्कब र एबककउयचत लाई आधार मानिनेछ ।)

**अनुसूची– ५**

**(दफा ९ (ठ) संग सम्बन्धित)**

आ.व. .................................................. को बार्षिक प्रतिवेदन

श्री चाँगुनारायण नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, चाँगुनारायण, भक्तपुर ।

होमस्टेको नाम :

स्थान : भक्तपुर  जिल्ला : चाँगुनारायण नगरपालिका वडा नं ................ टोल : .................................

समुदायिक होमस्टे भए आवद्ध संख्या : ..................................  दर्ता मिति : .......................................

**१. पर्यटक आवागमन संख्या र आय विवरण :**

| **सि.नं.** | **महिना** | **पर्यटक संख्या** | **प्रमुख कृयाकलाप** | **प्रमुख मुलुकहरु** | **मासिक आय** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| | | | | | | |

जम्मा :

१. (खानपान, बास, दृश्यवालोकन, हाइकिङ्ग, सांस्कृतिक कार्यक्रम, परम्परागत खेलमा सहभागी गराउने, जंगल ट्रेक, इको ट्रेल इत्यादी) ।

२. होमस्टे मार्फत पुर्याइएको सेवा सुविधा : ..........................................................................................

३. प्रचार प्रसार गराएको विवरण : .........................................................................................................

४. आय–ब्ययको बार्षिक लेखापरीक्षण भएको प्रतिवेदनको विवरण (प्रतिवेदन साथ संलग्न गर्नु पर्ने):

निवेदक,

नाम थर: ................................................................. फ्याक्स : .............................................................

पद :  .................................................................  टेलिफोन : ...........................................................

ठेगाना : .................................................................  इमेल : .............................................................

मिति :.................................................................  वेभसाइट : .......................................................